नरैनापुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.स.: २०८२/०८३

च.नं.: ६६६

मितिः २०८२/१२/२४

११४६ चौलागाः ५, मंगलबार

**विषयः प्रचार प्रसार गरि सहयोग गरि दिने बारे।**

श्री सबै वडा कार्यालय,

नरैनापुर (बाँके)

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नेपालगंज बाँकेको मिति २०८२/१२/१७ गतेको प्रकाशित सूचना अनुसार नेपालका विभिन्न जिल्लाहरुमा कुखुरामा लाग्ने बर्ड फ्लु (H5N1) रोग फैलिएको र उक्त रोग बाँके जिल्ला नरैनापुर गाउँपालिकामा पनि फैलिन सक्ने भएकोले सूचना को छाँयाप्रति प्राप्त भएकोले उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि कृषकहरुलाई प्रचार प्रसार गरि सु-सूचित पारिदिन हुन अनुरोध छ।

कृष्णा कुमारी चन्द

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

info@narainapurmun.gov.np, narainapur.rm.ani.b@gmail.com
+९७७-९८६६७१३८७३
www.narainapurmun.gov.np
www.facebook.com/narainapurmun
www.twitter.com/narainapurmun

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्यविकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज बाँके

इमेल: vethosbanke@gmail.com
वेब साईट: www.vethosbanke.gov.np

प.सं.: २०८२/०८३
च.नं.:

मिति २०८२/१२/१७

**सूचना!** **सूचना !!** **सूचना !!!**

**विषय : बर्ड फ्लु रोग नियन्त्रण सम्बन्धि उच्च सतर्कता सम्बन्धमा**

प्रस्तुत विषयमा नेपालको पुर्वी भाग(झापा,मोरङ,सुनसरी),काठमाण्डौ उपत्यका तथा हाल चितवनमा समेत बर्डफ्लु(H5N1) रोग पुष्टि भएको परिप्रेक्षमा बर्ड फ्लु रोगलाई बाँके जिल्लामा भित्रन नदिका लागि सम्पूर्ण आम जनसमुदाय लगायतका सम्पूर्ण सरोकारवालाहरुलाई उच्च सतर्कता अपनाई तपशिलका विषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन अनुरोध छ । साथै सुरक्षा निकाय, अन्य नियामक निकाय तथा बिषयगत कृषक संजालहरुले पन्छीको ओसारपसारमा बिशेष निगरानि तथा संकास्पद भए कार्यालयमा सम्पर्क गरिदिनुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकासन गरिएको छ।

तपसिल:

१.पन्छी फार्ममा अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनु हुन|
२.फार्म परिसर भित्र प्रवेश गराउनै पर्ने भएमा नि:संक्रमण गरेर मात्र फार्म प्रवेश गराउन हुन ।
३.एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजानु हुन ।
४.प्रयोग भइसकेको अण्डा राख्ने कागजको क्रेट पुनः प्रयोग नगर्नु हुन|
५.फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिबार्य रुपमा चुना लगायतका नि:संक्रमक औषधि राखिएको फुटबाथ प्रयोग गर्न हुन र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गर्नु हुन ।
६.खोर भित्र प्रवेश गर्दा छुट्टै बुट र एप्रोनको प्रयोग गर्नु हुन ।
७.खोर भित्र र बाहिर दैनिक रुपमा नि:संक्रमण गर्नु हुन ।
८.फार्म परिसरभित्र कुकुर,बिरालो,मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु हुन|
९.मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले खाडलमा गाड्नु हुन ।
१०.पन्छी फार्ममा काम गर्ने व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्ने,नियमित हात खुट्टा धुने र स्वास्थ्य सम्बन्धि कुनै समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन ।
११.पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिबार्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्नु/गराउनु हुन|
१२. बर्डफ्लु प्रभावित जिल्ला र जिल्लाको बाटो भएर कुनैपनि पन्छी तथा पन्छीजन्य उत्पादन सामाग्री ढुवानी नगर्नु/नगराउनुहुन।

<u>पुनश्च: अकस्मात धेरै संख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरुन्त नजिकैको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकिमा जानकारी गराऔं ।</u>

..................

डा. गणेश बहादुर पुन
वरिष्ठ पशु विकास अधिकृत

"समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश"